**जातीय समानताको बढावा को निम्ति**
**विद्यमान तथा योजना बद्ध उपायहरु**

**समान अवसर आयोग**

समान अवसर आयोग (EOC) हङकङमा लिंग भेदभाव अध्यादेश (SDO), अपांगता भेदभाव अध्यादेश (DDO), पारिवारिक स्थिति भेदभाव अध्यादेश (FSDO) तथा जाति भेदभाव अध्यादेश (RDO)लाई लागु गर्ने प्रायोजनका साथ मे 1996 मा स्थापित एक वैधानिक निकाय हो ।

आयोगले लिंग , वैवाहिक स्थिति, गर्भावस्था, स्तनपान, अपांगता, पारिवारिक स्थिति तथा जातिका आधारमा हुने विभेदलाई हटाउनको निम्ति काम गर्दछ ।

हामी यौन दुर्व्यवहार, स्तनपान दुर्व्यहार, र अपांगता र जातिको आधारमा हुने दुर्व्यवहार र आलोचना गर्ने व्यवहार हटाउने लक्ष्य पनि राख्दछौं । हामी पुरुष र महिला बीच, अपांगता भएका वा नभएका व्यक्तिहरुको पारिवारिक स्थिति र जातियताका बाबजुद उनीहरु बीच समान अवसरहरुको बढावा गर्दछौं ।

EOC ले आयोगद्वारा उपलब्ध गराइएका मुख्य सार्वजनिक सेवाहरूमा जातीय समानता र समान पहुँचको प्रवर्द्धनसँग सम्बन्धित सेवाहरू र विद्यमान तथा योजनाबद्ध उपायहरूलाई हाइलाइट गर्दै संवैधानिक र मुख्य भूभाग मामिला ब्यूरो (CMAB) द्वारा जारी गरिएको "जातीय समानताको प्रवर्द्धनका सम्बन्धमा प्रशासनिक मार्गनिर्देशनहरू" अन्तर्गत जाँचसूची तयार गरेको छ। अन्य सरकारी ब्यूरो/विभागहरू र सार्वजनिक अधिकारीहरूद्वारा रूपरेखा बनाइएका जाँचसूचीहरूसहित यो जाँचसूचीलाई सार्वजनिक पहुँचका लागि CMAB *को वेबसाइटमा* अपलोड गरिएको छ।

## A. सोधपुछ तथा उजुरी सेवाहरु

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • विभिन्न लिंग, सक्षमता, पारिवारीक स्थिति र जातका व्यक्तिहरु बिच हुने भेदभाव, दुर्व्यवहार र अपमान हटाउने तथा समान अवसरहरुका साथै  सद्भाव प्रवर्द्धन गर्ने उद्देश्यले EOC ले SDO को धारा 84 र 85, DDO को धारा 80 र 81, FSDO को धारा 62 र 63 तथा RDO को धारा 78 र 79 बमोजिम गैरकानूनी कार्यहरूको उजुरीहरू सम्हाल्छ, छानबिन र मेलमिलाप गर्दछ।<br>• EOC ले SDO, DDO, FSDO र  RDO को पालना सम्बन्धी सार्वजनिक निकायहरू, अन्य पार्टी (पक्ष)हरू र व्यक्तिहरूका सोधपुछहरू सम्हाल्ने तथा सल्लाह प्रदान गर्दछ । |
| विद्यमान उपायहरू | • हामी विविध जातिका मानिसहरूको सोधपुछ र उजुरी गर्न पाउने समान पहुँचलाई सुनिश्चित गर्दछौं ।<br>• विविध जातीय समुहहरुको आवश्यकता, संवेदनशीलता र चासोलाई सोधपुछ र उजुरी सेवा प्रदान गर्दा ध्यानमा राखिन्छ ।<br>• विविध जातिका सोधपुछकर्ता तथा उजुरीकर्ताहरुको भाषाको आवश्यकताहरू पुरा गर्न अनुवाद तथा दोभाषे सेवाहरु आवश्यक परेको बेला उपलब्ध गराइन्छ  । |
| भावी कार्यको मूल्यांकन | • EOC ले नियमित रुपमा आफ्ना सोधपुछ तथा उजुरी सम्हाल्ने सेवाहरू र विविध जातिका मानिसहरुको यसको सेवाहरुमा समान पहुँच सुदृढ गर्ने थप उपायहरुको मूल्यांकन र समीक्षा गर्नेछ । |
| लिने /लिनु पर्ने थप उपायहरु | • विविध जातिका सोधपुछकर्ता र उजुरीकर्ताहरूको उजुरी सम्हाल्ने प्रक्रिया (कम्प्लेन्ट ह्याडलिंग प्रोसेस – *CHP)* तथा/अथवा मेलमिलाप कार्यविधि (प्रक्रिया) बारे तुरुन्तै बुझाउने हेतुले चिनियाँ र अंग्रेजी भाषाहरु बाहेक अन्य 10 वटा भाषाहरु जस्तै बहासा ईन्डोनेशिया, वंगाली, हिन्दी, नेपाली, पञ्जाबी, सिङ्हाला तागालग, थाई, उर्दू र भियतनामी भाषामा *CHP* तथा मध्यस्तताका भिडियोहरुमा सब-टाईटल साथै *CHP* र मेलमिलाप |

जानकारी राखेर उजुरीकर्ताहरु र प्रतिवादीहरुको लागि *CHP* जानकारी प्रदान गर्ने व्यवस्था सुद्रिढ गरिएको छ। आवश्यक परेमा विभिन्न जातिका सोधपुछकर्ता र उजुरीकर्ताहरूलाई तत्काल र उपयुक्त कारबाही गर्न सहज होस् भनेर उपरोक्त भाषाहरूमा पनि सोधपुछ फाराम र उजुरी फाराम सजिलै उपलब्ध छन्।

- जातीय मुद्दाहरु र/वा जातीय समूहहरु सम्बन्धी सोधपुछ र उजुरीहरुको डाटालाई जातीय समानताका नीतिहरु र उपायहरुको निरन्तर समीक्षा गर्न संकलन गरिनेछ ।
- प्रयोग गरिएको भाषाहरू र चिनियाँ र अंग्रेजी बाहेक अन्य भाषा र सोधपूछकर्ता तथा उजुरीकर्ताद्वारा अनुरोध गरिएको विशेष भाषा (चिनियाँ र अंग्रेजी बाहेक अन्य भाषा) आवश्यकताहरूको उचित रेकर्ड आन्तरिक डाटा संकलन प्रणालीमा राखिने छ ।

**B. सर्वसाधारणहरुलाई प्रशिक्षण सेवा**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • EOC को नीति, अनुसन्धान र प्रशिक्षण *(पोलिसी रिसर्च एण्ड ट्रेनिङ डिभिजन)* विभागले भेदभाव विरुद्धको कानून र सम्बन्धित व्यवस्थापन रणनीतिमा प्रशिक्षण दिन सर्वसाधारणलाई दुई चरणमा प्रशिक्षण प्रदान गर्दछ, जस्तै केलेन्डर प्रशिक्षण र कस्टमाइज्ड (आवश्यकता बमोजिम) प्रशिक्षण । |
| विद्यमान उपायहरू | • प्रशिक्षण पाठ्यक्रमहरुमा प्रयोग गरिने भाषाको माध्यम<br>▪ *केलेन्डर* प्रशिक्षण कार्यक्रम अन्तर्गत, EOC ले प्रत्येक वर्ष स्प्रिङ (वसन्त ऋतु) र अटम (शरद ऋतु) मा दुई श्रृंखलाबद्ध तालिम आयोजना गर्दछ। संचालन गर्दछ । यस प्रशिक्षणमा भाग लिने दुवै क्यान्टोनिज बोल्ने र नबोल्ने व्यक्तिहरु भाषाको अवरोध बिना सहभागी होउन् भनेर नि: शुल्क क्यान्टोनिज र अंग्रेजी प्रशिक्षण पाठ्यक्रमहरु दुवै चरणमा उपलब्ध गराइन्छ । |

- कस्टमाइज्ड (आवश्यकता बमोजिम) प्रशिक्षण अन्तर्गत, संगठनको अनुरोधमा क्यान्टोनिज तथा अंग्रेजीमा प्रशिक्षण पाठ्यक्रमहरु उपलब्ध गराइन्छ ।

- प्रशिक्षण पाठ्यक्रमहरुको विषयवस्तु
  - जातीय समानता, सांस्कृतिक रूपमा समावेशी कार्यस्थल र RDO अन्तर्गत प्रमुख गैरकानूनी कार्यहरूको अवधारणालाई विद्यमान *केलेन्डर* प्रशिक्षण र *कस्टमाइज्ड* प्रशिक्षण पाठ्यक्रमहरुद्वारा जातीय समानता बढाउन उपयुक्त भएमा समेट्ने छन् ।
- प्रशिक्षण सेवाहरुमा पहुँच
  - EOC को वेवसाइट मादुवै चिनियाँ र अंग्रेजी भाषामा भर्ना सम्बन्धी र सबै जानकारी प्राप्त गर्न सकिन्छ ।
  - EOC को वेबसाइटमा अंग्रेजी र चिनियाँ भाषामा भर्ना फाराम उपलब्ध छ ।

भावी कार्यको मूल्यांकन

- जातीय समानता सम्बन्धित प्रशिक्षण पाठ्यक्रमको विषयवस्तुको हकमा हरेक वर्ष दुवै प्रशिक्षणको चरणहरुमा प्रशिक्षकहरुले निरन्तर समीक्षा गर्नेछन् ।

## C. विविध जातिका मानिसहरुलाई प्रशिक्षण सेवा

सम्बन्धित सेवाहरू

- EOC को अल्पसंख्यक जातीय एकाइ *(एथ्निक म्याइनोरिटिज युनिट)* (*"युनिट"*) ले सक्रिय रूपमा भेदभाव विरोधी संरक्षण सम्बन्धी प्रशिक्षण आवश्यकताहरू हुने जातीय समूहलाई पहिचान गर्दछ र उनीहरूको भाषा आवश्यकताहरूको आंकलन गर्दछ ।

*विद्यमान* उपायहरू

- आवश्यकता अनुसार र व्यावहारिक माध्यमद्वारा विभिन्न जातीय समूहलाई प्रशिक्षण कार्यक्रमहरु निम्न अनुसार उपलब्ध गराइने छः
  - समूहहरुको आवश्यक भाषामा निपुर्ण कर्मचारीद्वारा प्रत्यक्ष सेवा उपलब्ध गराइने ।

- अरु सेवा प्रदायकहरुले दोभाषे तथा अनुवाद सेवाको लागि सिफारिस (*रिफरल*) गरिने ।
- आवश्यक भाषा सहयोगको लागि NGOहरु, जातीय समूह वा महावाणिज्यदूतावासको कार्यालयहरूसँग सहकार्य गरिने ।

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | • विभिन्न जातीय समूहहरूलाई प्रशिक्षण सेवा प्रदान गर्दा लिएको (*फिडव्याक*) प्रतिक्रियाहरु युनिटको आउटरीच गतिविधिहरु र जातीय समुदायका नेताहरुसँग गरेकोनियमित बैठकहरु बाट संकलन गरिनेछ । |
| लिइएका /लिइनु पर्ने थप उपायहरु | • जातिय समूहहरुका लागि अन्य भाषाहरुमा तालिम तथा शैक्षिक सामग्रीहरु उपलब्ध प्रदान गरिन्छ।<br>• जातिय समुहहरुसंग गर्दै आएको समुदाय संलग्नताको अभ्यासको क्रममा संकलित प्रतिक्रिया बमोजिम भाषा सहयोग रणनीतिलाई नियमित रुपमा समीक्षा गरिन्छ। |

**D. आवश्यक पर्ने प्रयोगकर्ताहरुलाई उचित भाषा सेवाहरुको प्रावधान**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • विविध जातिका मानिसहरूले हाम्रा सेवाहरूमा समान रूपमा पहुँच गर्ने सुनिश्चित गर्न सक्रिय र व्यावहारिक दृष्टिकोण अपनाउन EOC प्रतिबद्ध छ । चिनियाँ/अंग्रेजीमा पढ्न वा संवाद गर्न नसक्ने सेवाप्रयोगकर्ताहरुसँग सम्वादको सहजीकरण गर्न उपयुक्त भाषा सेवाहरू प्रदान गरिनेछ । |
| विद्यमान उपायहरू | • EOC ले कार्यान्वयन गरेक चारवटा भेदभाव विरुद्धको अध्यादेशको पर्चाहरु र अन्य सम्बन्धित जानकारी अंग्रेजी र चिनियाँ भाषा बाहेक आठ वटा भाषाहरु: बहासा ईन्डोनेशिया, हिन्दी, नेपाली, पञ्जाबी, तागालग, थाई, उर्दू र भियतनामीमा उपलब्ध छन्। यी पर्चाहरू EOC को कार्यालयबाट प्राप्त गर्न वा EOC को वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ । साथै जाति भेदभाव अध्यादेशको हकमा पर्चाहरु दुई अरू भाषाहरू, बंगाली र सिङ्हालामा पनि उपल्बध |

गरिएको छ। व्यवहारिक र आवश्यक परेको खण्डमा चिनियाँ र अंग्रेजीमा बाहेक अरू भाषाहरूमा अनुवाद गरिनेछ । शुद्धता गर्न, सेवा प्रदायकद्वारा तयार गरिएको अनुवादनलाई अर्को सेवा प्रदायकद्वारा रुजु गर्ने अतिरिक्त चरणबाट पार गराईन्छ।

भावी कार्यको मूल्यांकन

- प्रदान गरिएको भाषा सहायताको प्रभावकारिता बारे विविध जातिका सेवाप्रयोगकर्ताहरुबाट प्राप्त (*फिडव्याक*) प्रतिक्रियाहरू सेवाको निरन्तर समीक्षा र सुधार गर्न प्रयोग गरिनेछ ।
- भावी सेवा आवश्यकताहरू र आवश्यक स्रोतहरूको योजना गर्न अनुवाद र दोभाषे सेवाको अनुरोध र सेवा प्रदान गरिएको संख्यालाई नियमित समीक्षा गरिनेछ ।

लिइएका /लिइनु पर्ने थप उपायहरु

- बंगाली, सिङ्हाला र भियतनामी जस्ता बढ्दो जातीय समूहहरूमा सूचना प्रसारलाई विस्तार गर्न, अन्य तीनवटा भेदभाव विरुद्ध अध्यादेशहरु (जाति भेदभाव अध्यादेश बाहेक) सम्बन्धी मुख्य जानकारीमूलक पर्चाहरु अनुवाद भइरहेको छ र *EOC* को वेबसाइटबाट उपलब्ध गराइनेछ ।
- अंग्रेजी र चिनियाँ भाषा बाहेक विभिन्न भाषाहरूमा नि:शुल्क दोभाषे / अनुवाद सेवाहरूको उपलब्धताको चेतना वृद्धि गर्न, EOC को प्रतिक्षा हलमा स्पष्टरूपमा देखिने सूचना/पोस्टर टाँसिएको छ र EOC को वेबसाइटमा उचित रूपमा राखिनेछ ।
- फ्रन्टलाइन स्टाफलाई सक्रिय रूपमा EOC को भाषा सेवाबारे जानकारी प्रयोगकर्ताहरूलाई उपलब्ध गराउन प्रोत्साहित गरिन्छ । संवादलाई थप सहज बनाउन EOC ले अंग्रेजी /चिनियाँ भाषा बोल्न नजान्ने सेवाप्रयोगकर्ताहरुलाई विशेष AI ट्रान्सलेटर एरबड, जसले 36 वटा भाषाहरूलाई सपोर्ट गर्छ, आवश्यकता अनुसार प्रयोग गर्नको लागि उपलब्ध गराइएको छ ।
- अनुरोध गरिएको अनुवाद र दोभाषे सेवाका संख्याहरु सेवा र स्रोतहरुको समीक्षाका लागि संकलन गरिन्छ ।

- EOC को वेबसाइटमा उपलब्ध EOC को व्यक्तिगत जानकारी संकलन विवरण, गोपनीयता नीति विवरण र सम्पर्क फारम 10 वटा भाषाहरू अनुवाद गरिएको छ।: बहासा ईन्डोनेशिया, बंगाली, हिन्दी, नेपाली, पञ्जाबी, सिङ्हाला, तागालग, थाई, उर्दू र भियतनामीमा अनुवाद गरिएका छ ।
- उचित (प्रभावकारी) सेवा दिने सुनिश्चित गर्न सबै कर्मचारी, विशेष गरी *फ्रन्टलाइन स्टाफलाई* जानकारी होस् भनि दोभाषे /अनुवाद सेवाको व्यवस्थाको कार्यविधि तयार गरिनेछ ।

सोधपुछ वा, प्रतिक्रियाहरु बारे, कृपया *कर्पोरेट प्लानिंग एण्ड सर्भिसेस् डिभिजनका सिनियर इक्वल अपरटुनिटिज् अफिसर* (*एडमिनिस्ट्रेसन एण्ड पर्सनेल*) (*कर्पोरेट* योजना तथा सेवा विभागकको वरिष्ठ समान अवसर अधिकृत (प्रशासन तथा कर्मचारी ) (Miss Gloria YU) लाई निम्न माध्यमद्वारा सम्पर्क गर्नुहोस् –

| | |
|---|---|
| ईमेल: | eoc@eoc.org.hk |
| टेलिफोन नं.: | (852) 2511 8211 |
| फ्याक्स नं.: | (852) 2511 8142 |
| SMS सेवा: | 6972566616538 (कान नसुन्ने/बोल्न नसक्नेहरुको लागि) |

- EOC को कार्यालयमा आउनको लागि भौतिक सहायता चाहिने अपांगता भएका व्यक्तिहरूले हामीलाई 2511 8211 मा सम्पर्क गर्न सक्नुहुन्छ ।
- हाम्रो कार्यालय समय भन्दा बाहिर सामान्य सोधपुछ गर्नु परेमा, कृपया हाम्रो हटलाइन 2511 8211 मा भ्वोइस मेसेजहरु छोड्नुहोस् ।

**समान अवसर आयोग**

**मे 2025**